बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

चरिकोट, दोलखा

सूचना !

सूचना !

सूचना !

(प्रथम पटक प्रकाशित मितिः -२०८१।०८।११)

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.ब. ०८१/०८२ का लागि स्वीकृत उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम अन्तर्गत तोकिएको (तपसिल) तालिमको विषयमा रही देहाय अनुसारका लक्षित समूहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अनुसूची २ को ढाँचामा निवेदन दिनुहुन अनुरोध छ । निवेदनको ढाँचा यसै पत्र साथ संलग्न छ तथा कार्यालयको फेसवुक पेज **उद्योग वाणिज्य कार्यालय दोलखा** बाट पनि प्राप्त गर्न सकिने छ ।

(क) तपसिल

| क्र.स. | तालिमको विषय | लक्षित समुह |
|---|---|---|
| १ | स्थानीय स्रोतमा आधारित मकैको खोष्टा/परालबाट चकटी, चप्पल दरी निर्माण सम्बन्धी तालिम । | 1. आर्थिक रुपले विपन्न सीमान्तकृत, पिछडिएका अल्पसङ्ख्यक र अपाङ्गता व्यक्तिहरु,<br>2. उद्यम गर्न तत्पर बेरोजगार व्यक्तिहरु,<br>3. उद्यमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न चाहने लघु घरेलु तथा साना उद्यमीहरु,<br>4. परम्परागत रुपमा रहेको सीपलाई आधुनिक प्रविधिमैत्री बनाई व्यावसायिक दक्षता अभिवृद्धि गराउन चाहने व्यक्तिहरु,<br>5. वैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तिहरु,<br>6. सचालनमा रहेका उद्योगमा कार्यरत श्रमिक । |
| २ | दोलखा जिल्लाको युवाहरूलाई सिपमुलक तालिम(मागमा आधारित) | |

**(ख) तालिम अवधिः**-स्वीकृत वजेटको परिधिभित्र रही छोटो (१५ कार्य दिन), मध्यम (४५कार्य दिन) र लामो अवधि (९० कार्य दिन) को रहने।

**(ग) छनौट संख्याः**- वढिमा १० देखि १२ जना सीप विकास तालिमको लागि ।

**(घ) छनौट विधिः** व्यक्तिगत अन्तरवार्ता ।

**(ङ) तालिम संचालन स्थानः** प्रशिक्षकको उपलब्धता, प्रशिक्षार्थीहरुको सामुहिक माग र बजेट परिधि भित्र रही पछि तय गरिनेछ ।

**(च) पेश गर्नुपर्ने कागजातहरुः-**

१. नेपाली नागरिकताको प्रतिलिपि/पहिचान पत्रको प्रतिलिति,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
३. तालिम पश्चातको व्यवसायिक योजना (संक्षिप्त वढीमा २ पेज )
४. सहकारी मार्फत गर्न चाहने भए सहभागी संख्या खुलाएको पत्र र वडा कार्यालयको सिफारिस
५. स्थानीय तहमा दर्ता भएका समूहले तालिम लिने भए वडा कार्यालयको सिफारिस पत्र

**(छ) प्राथमिकताः** बागमती प्रदेश सरकार सीप विकास तालिम सञ्चालन सम्बन्धी कार्यविधि,२०८० को दफा ८ ले तोकेको लक्षित समुहमा पर्ने व्यक्तिहरुलाई विशेष प्राथमिकता दिइने छ ।

**(ज)** तालिम संचालन हुने मिति पछि निर्धारण गरिनेछ ।

**(झ) छनौट भएका प्रशिक्षार्थीहरुले पाउने सुविधाः** दैनिक हाजिरीका आधारमा खाजा खर्च प्रति व्यक्ति प्रति दिन रु १००/- र परिवहन खर्च वापत एकमुष्ठ रु ५००/- कार्यालयले उपलब्ध गराउने छ ।

**नोटः**- तालिम सम्वन्धी सम्पूर्ण व्यहोरा बागमती प्रदेश सरकार सीप विकास तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० अनुसार हुनेछ ।

अनुसूची २

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

श्रीमान् कार्यालय प्रमुख ज्यू,
उद्योग तथा वाणिज्य कार्यालय
चरिकोट, दोलखा ।

महोदय,

त्यस उद्योग तथा वाणिज्य कार्यालय, दोलखाबाट मिति.............................मा प्रकाशित सूचना अनुसार सञ्चालन गरिने.......................................................विषयको सीपमूलक/उद्यमशिलता विकास तालिममा सरिक हुने मेरो इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी संलग्न कागजातको प्रतिलिपि सहित यो निवेदन पेश गरेकी/गरेको छु ।

१. निवेदकको नाम र थरः-
२. निवेदकको ठेगानाः-
   क) स्थायी ठेगानाः-
   ख) अस्थायी ठेगानाः-
   ग) सम्पर्क नम्वरः-
   घ) इमेलः
३. उमेरः-
४. लिङ्गः- महिला/पुरूष
५. बैबाहिक स्थितिः- बिबाहित/अबिबाहित/एकल
६. शैक्षिक योग्यताः-
७. परिवारको किसिमः- एकल/संयूक्त सख्याः-............जना
८. हालको पेशाः-
९. परिवारको आय आर्जनको मुख्य श्रोतः-
१०. पारिवारिक स्वामित्वमा रहेको जग्गा र ठेगानाः-
११. परिवारको अन्दाजी आम्दानी रू.-
१२. यस भन्दा अधि कुनै तालिम लिएको छ/छैनः-..........
   यस अधि तालिम लिएको भएः................................................

   क) तालिमको विषयः.........................................................
   ख) तालिमको अवधिः.........................................................
   ग) तालिम लिएको मितिः......................................................
   घ) तालिम दिने संस्थाः......................................................
   ङ) प्राप्त तालिमको उपयोग स्थितिः..........................................
   च) स्वरोजगारीः...............................................................
   छ) रोजगारी/ज्यालाः..........................................................
   ज) घरायसी प्रयोजनमा सिमितः................................................
   झ) सदुपयोग छ/छैनः.........................................................र
१३. तालिम विना कुनै सीप जानेको भए सो सीपको व्यावसायिक उपयोग भएको छ ?

झ) सदुपयोग छ/छैनः..........................................................र

१३. तालिम विना कुनै सीप जानेको भए सो सीपको व्यावसायिक उपयोग भएको छ ?
उपयोग भएको भए सो को अवस्थाः

क) स्वरोजगारीः-

ख) ज्याला रोजगारीः-

ग) घरायसी प्रयोजनमा उपयोग

घ) व्यवसायिक उपयोग छैन ।

१४. यो तालिम पश्चात यसै साथ संलग्न व्यवासायिक योजना अनुसार सीपको उद्यम/व्यवसाय/ रोजगारीमा प्रयोग गर्ने दृढ निश्चय गरेको/गरेकी छु ।

..................................

आवेदनको सही

मितिः-

<u>संलग्न कागजात</u>

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/ पहिचान पत्रको प्रतिलिपि

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (एउटा मात्र)

३. तालिम पश्चातको व्यवासायिक योजना (संक्षिप्तमा बढीमा दुई पेज)

४. अन्य सिफारिस कागजात/प्रमाण